# मेन्छयायेम गाउँपालिकाको २०७५ /०७६ को निति तथा कार्यक्रम

## <u>मेन्छयायेम गाउँपालिका</u>

## वार्षिक निति तथा कार्यक्रम

गरिमामय सभामा उपस्थित हुनु भएका माननीय सदस्यज्युहरु ।

१.नेपाल राष्ट्, राष्ट्यि स्वतन्त्रता, सामाजिक न्याय र संघिय लोकतान्त्रीक गणतन्त्र, स्थापनको निम्ती आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण सहिदहरु, बेपत्ता तथा घाइते योद्दाहरु र उहाँहरुको परिवारजन लगायत सम्पूर्ण जनसमूदायमा भावपुर्ण सम्ममान व्यक्त गर्न चाहन्छु ।

२. मेन्छयायेम गाउँपालिकालाई सम्वृद्ध तथा सवल वनाउने यस ऐतिहासिक अवसरमा मेन्छयायेम वासी सम्पुर्ण जनता हरुमा हार्दिक आभार व्याक्त गर्दै सहयोगको पुर्ण सम्मान गर्दै धन्यवाद दिन चाहान्छु ।

३. १ नं. प्रदेशको तेह्रथुम जिल्लाको उत्तर पूर्वीमा अवस्थित, ७०.०९ वर्ग कि. मि. क्षेत्रफलमा अवस्थित मेन्छयायेम गाउँपालिका मनोरम धरातलीय बनोट, उच्च भू-भाग, खोला नाला र समथल बेसी समेतको भौगोलिक विविधता पाइन्छ । प्राचीन समयमा तेनाहाङ राजाको दरबार, प्रसिद्ध धार्मिक स्थल गौखुरी धाम, मेन्छयायेम डाँडालगायत ऐतिहासिक तथा धार्मिक स्थलले यस गाउँपालिकाको परिचयलाई थप फराकिलो बनाएको छ ।

४. सीमित वजेट र श्रोत साधनका वीच पनि आम मेन्छयायेम गाउँवासीको विकास निर्माणको आर्थिक चाहान लाई पुर्ति गर्न अधिकतम प्रयत्न गर्नूपर्ने आभाष यो कार्यक्रम मार्फत अवगत गराउन चाहान्छु । निति तथा कार्यक्रम हरुको सफल कार्यान्वयन आम गाउँवासीहरु वीचको एकतावद्ध प्रयासले मात्र सम्भव हुने हुदा समृद्ध मेन्छयायेम निर्माणको अभियानमा एकजुट भएर अघि वढ्नका लागि सम्पुर्ण गाउँपालिकाका सदस्यहरु वुद्धिजीवि पत्रकार समाजसेवी लगायत सम्पुण गाउँपालिका वासीहरुमा हार्दिक अपिल समेत गर्दछु ।

माननीय सदस्यज्यूहरु ,

**अव म आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रमको समिक्षा सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।**

**१. पूर्वाधार क्षेत्र सम्वन्धी समिक्षा :**

- मूख्य सडकहरुलाई चौडा वनाउने,मोड सुधार तथा ग्रेडिंग गर्ने कार्य सम्पन्न भएका छन् ।साथै सदरमुकाम जाने सडक वाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नती गर्न प्रदेश सरकारसँग वजेट माग गरिएको छ ।
- आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालीका सवै वडा लाई सडक सञ्जालमा जोडने लक्ष्य अनुरुप सडक निर्माणका कार्यहरु भएका छन् । यधपि वजेट अपुग, स्थानीयवाट जग्गा उपलव्ध गराउने कार्यमा गरिने अवरोधले सो कार्यमा केही समस्या आएता पनि कार्यप्रगति सन्तोषजनक अवस्था रहेको छ । आगामी ४ बर्ष भित्रमा व्यवस्थीत चक्रपथ निर्माण गरिने लक्ष्य राखिएकोमा समय अभावको कारणले प्रारम्भिक अध्ययनको काम नभएको अवस्था छ ।
- सडक विस्तार गर्दा सडकको आवश्यकता,स्थानीयको माग, दिगोपना जस्ता विषयहरुलाई ख्याल गरेर गर्नु पर्ने अवस्था पाइएको छ । पहिरो,वाढी जस्ता प्राकृतिक प्रकोप निम्त्याउन कतै हामीले नै निर्माण गरेका सडकहरुले भूमिका खेल्ने त होइन सवैले यस विषयलाई ध्यान दिन जरुरी रहेको छ ।
- स्थानीय सरकार सञ्चालन सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार मूख्य सडक तथा भित्रि सडकहरुको दाया वायाँ अधिकार क्षेत्र निर्धारण गरिएको छ ।
- बिद्युतीकरणको नभएका वस्तीहरुमा विधुतिकरण गरिएको छ, काठका विधुत पोल क्रमिक रुपमा सवै वडाहरुमा विस्थापन गरिने नीति अनुसार कार्यहरु भएकाछन् ।
- भूकम्पीय जोखिम न्युनिकरण तथा व्यववस्थित वस्ती विकासको लागि एकिकृत वस्ती तथा भवनको नक्सा पासको व्यवस्था लागु गरिने कार्य गत आ.व.मा समय अभाव तथा प्राविधिक कठिनाइले गर्न नसकेता पनि यस कार्यलाई सुचारु राख्नुपर्ने अवस्था रहेको छ ।

मेन्छयायेम गाउँपालिका

**२.आर्थिक विकास सम्वन्धी समिक्षा**

- कृषि पकेट क्षेत्रको अवधारणालाई कार्यान्वयनमा ल्याईएको छ । पकेट क्षेत्रलाई थप प्रभावकारी वनाउन थप कार्य गर्नुपर्ने देखिन्छ ।
- सुन्तला, कागती,अलैची, चिया जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटीको उत्पादन लाई विशेष प्रोत्साहन गरिएको छ । तथापि अझ प्रभावकारी कसरी गर्ने हो यस तर्फ सवैको ध्यान जान जरुरी रहेको छ ।
- कृषि उपजको संकलन तथा बजार ब्यवस्थापनको लागि २ वटा थोक संकलन केन्द्रहरु स्थापना भएकाछन् । दूग्ध उत्पादन तथा वजारीकरणलाई व्यवस्थित गर्न चिस्यान केन्द्र शिघ्र संचालनमा आउने अवस्था रहेको छ ।
- कृषि तथा पशु कार्यक्रममार्फत जनताको जीवनस्तर उकास्ने कार्य गरिएता पनि आशातित सफलता हासिल गर्नका लागि जनतालाई कसरी व्यवसायिक वनाउन सकिन्छ ? सो तर्फ गाउँपालिकाको ध्यान जान जरुरी रहेको छ ।

**३.सामाजिक विकास सम्वन्धी समिक्षा**

- सामुदायिक विद्यालयहरुको भौतिक सुधारको थालनी गरिएको छ । तथापी विधालयको पठनपाठनको गुणस्तरीयताको वृद्दि कसरी गर्ने त्यसमा वृहत छलफल गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।
- सूचना प्रविधि मैत्री विद्यालयको अवधारणालाई आत्मसाथ गर्दै विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिएको छ ।सो कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिंदै, सम्पुर्ण विधालयहरुमा सेवा विस्तार गर्नु पर्ने देखिएको छ
- स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन नदिन शसर्त अनुदान वाहेकको वजेट समेत विनियोजित गरी अत्यावश्यक औषधिहरु सवै स्वास्थ्य संस्थाहरुमा उपलव्ध गराइएको छ । तथापि औषधि भण्डारण, औषधि वितरणमा प्रणालीलाई थप व्यवस्थित गरिनुपर्दछ ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वधारमा स्तर उन्नती गरिने क्रममा छन । मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न पहलहरु भएका छन , मोराहाङ्ग स्वास्थ्य चौकी र आइपास नेपालको सहयोगमा सुरक्षित गर्भपतन सेवा सुचारु गरिएको छ ।
- सवै वडाहरुमा साना तथा मझौला स्तरको आयोजनालाई संचालनमा ल्याई यस वर्ष खानेपानीको समस्या न्यूनिकरण गर्ने र ३ वर्ष भित्रमा खानेपानीको समस्या पूर्णरुपमा समाधान गरिने लक्ष्य अनुरुप सवै वडाहरुमा खानेपानी योजनाहरु संचालन गरिएकाछन् । तथापि बढदो पानीको मूहानको दोहनको सट्टा खानेपानीको वितरणप्रणालीमा सुधार ल्याउनुपर्ने देखिन्छ, अतः सवैमा यस विषयलाई कसरी वेलैमा ध्यान दिन सकिन्छ , सो गर्न जरुरी छ ।
- वडा स्तरमा विभिन्न आदिवासी तथा जनजातिहरुको भाषा ,संस्कृती संरक्षण,प्रवर्द्धन तथा विकासमा कार्यक्रमहरु भएका छन् । थप प्रभावकारी वनाउनुपर्ने अवस्था भने रहेकै छ ।
- महिलाहरुका क्षमता विकासको लागि सीप तथा शसत्तीकरणका कार्यहरु संचालन भएका छन ।
- दलित, फरक क्षमता भएका र जेष्ठ नागरिकसंग सम्वन्धित कार्यक्रमहरु संचालन भएकाछन् ।
- सामाजिक सुरक्षा भत्ता पायक पर्ने स्थानमा वितरण गर्ने व्यवस्था मिलाइएको छ । तर आगामि आर्थिक वर्षदेखि नेपाल सरकारको नीति अनुसार वैंक मार्फत सम्पुर्ण सामाजिक सुरक्षाको कार्य गर्नुपर्ने र यस गाउँपालिकामा नै क वर्गको बैंक स्थापना हुने भएकाले , वैंक मार्फत सामाजिक सुरक्षा भत्ता दिनुपर्ने हुन्छ । तसर्थ वैकिंग प्रणालीवाट सर्वसाधारणमा शुरुवाती अवस्थामा केही असहज भएता पनि पारदर्शिता , शिघ्र सेवा सुचिश्चितता गर्न सो गर्नुपर्ने भएकाले सवैमा सो कार्यलाई सहयोग गरिदिन अनुरोध गर्दछु ।

**४.वातावरण तथा विपत व्यवस्थापन सम्वन्धी** समिक्षा

- विपत व्यवस्थापनको लागी एक विपत व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।
- भूक्षय नियन्त्रण गर्न केही स्थानहरुमा पर्खाल निर्माणका कार्यहरु भएकाछन् ।
- विपत पश्चात तत्कालिक राहत सेवा उपलव्ध गराउन स्थानीय रेडक्रसलाई आवश्यक सहयोग उपलव्ध गराइएको छ।

मेन्छ्यायेम गाउँपालिका

**५.संस्थागत विकास र सेवा प्रवा सम्वन्धी समिक्षा**

- सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाउने प्रयासहरु गरिएकाछन् । गाउँपालिकाको वेभसाईटलाई नियमित अद्यावधिक गरि गाउँ पालिकावाट प्रवाहहुने सेवाहरु तथा गाउँपालिकाका निर्णयहरु सार्वजनिक गरिएको छ ।
- पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीलाई सवै वडाहरुमा शूरुवात गरिएको छ ।
- गाउँपालिकामा कार्यरत मानव संसाधानको क्षमता विकास गर्न आवश्यक तालिमहरु संचालन गरिएकाछन । सो कार्यलाई आगामि सालमा समेत निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ ।
- गाउँपालिका तथा सवै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गर्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाईने प्रक्रियामा केही समस्या आएकै हो । सो विषयलाई मनन गर्दै ३ महिना भित्रमा सवै वडा तथा गाउँकार्यपालिकाको कार्यालयमा सो कार्यहरु गरिनेछन् ।
- वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयको लागी आवश्यक पर्ने जग्गा प्राप्तीको लागी यथा सम्भव पहल गरिनु पर्नेमा सो नभएकाले सो कार्य शिघ्र गर्नुपर्ने र सो कार्य गर्नका लागि सवै सदस्यज्यूहरु र स्थानीय वुद्दिजिवी तथा नागरिकहरुमा हार्दिक अनुरोध गर्न चाहन्छु । भवन निर्माणको लागी मागको लागी पहल गरिएको छ , संघ तथा प्रदेशवाट सकारात्मक भूमिका निर्वाह हुन्छ भन्ने अपेक्षा छ ।

**६.वित्तीय व्यवस्थापन तथा सुशासन**

- करको दायरा फराकिलो वनाई करका दर कम गरि कर संकलन अभियान लाई प्रभावकारी वनाईनु पर्ने मा सो कार्यको प्रगति सन्तोषजनक मान्न नसकिने अवस्था रहेको छ । गाउँपालिका घोषण सँगै राजश्वका क्षेत्र पहिचान गरि दायर विस्तार गर्ने प्रयास गरिएको छ साथै साविकका स्थानीय तहले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।

**माननीय सदस्यहरु,**

अव म आर्थिक वर्ष ०७५/७६ को नीति तथा कार्यक्रम मेन्छयायेम गाउँपालिकाको सोच, लक्ष्य , उद्देश्य र अपेक्षितउपलव्धी प्रस्तुत गर्न चाहन्छु :

**सोच :**

आर्थिक वर्ष ०७५/७६मा मेन्छयायेम गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्ने सोच रहेको छ ।

**लक्ष्य :**

आर्थिक वर्ष ०७५/७६मा पूर्वाधार क्षेत्रको विकास, सामाजिक क्षेत्रको विकास गर्दै जनताको जीवनस्तर उकास्न सहयोग पुऱ्याउने

**उद्देश्य :**

आर्थिक वर्ष ०७५/७६ को वार्षिक नीति तथा कार्यक्रमका मूख्य उद्देश्यहरु :

क) मूख्य सडक तथा सवै वडा कार्यालयहरु जाने सडकहरुका स्तोरोन्नती गरी वाह्रै महिना सवारी चल्ने व्यवस्था गर्ने

ख) खानेपानीको समस्यालाई व्यवस्थापन गर्ने

ग) विधालयहरुका शिक्षक व्यवस्थापन गर्दै, शिक्षाको गुणस्तर सुदृढिकरण गर्ने

घ) सवै वर्ग, समूदायका व्यक्तिहरुलाई समेटी सिपमूलक तथा आयआर्जन कार्यक्रम संचालन गर्ने

ङ) कृषि क्षेत्रमा लगानी गरि जनताको जीवनस्तर उकास्ने

अपेक्षित उपलव्धी :

आर्थिक वर्ष ०७५/७६ को अन्तमा ,

क) मूख्य सडक तथा सवै वडा कार्यालयहरु जाने सडकहरुका स्तोरोन्नती गरी वाह्रै महिना सवारी चल्ने अवस्था हुनेछ ।

ख) हरेक घरका नागरिकले पायकपर्ने स्थानवाट खानेपानीको सुविधा प्राप्त गरिरहेको हुनेछ ।

मेन्छयायेम गाउँपालिका

ग) आर्थिकस्रोत नभएका साथै शिक्षकको समेत अभाव रहेका विधालयहरुमा आंशिकरुपमा व्यवस्थापन भएको हुनेछ। शिक्षाको गुणस्तर सुदृढिकरण कार्यको थालनी भएको हुनेछ।

घ) सवै वर्ग, समुदायका व्यक्तिहरुलाई समेटी विभिन्न प्रकारका , तहका सिपमूलक तथा आयआर्जन कार्यक्रम संचालन गरी स्थानीय वासिन्दाहरुका सिप अभिवृद्दि तथा उधमशिलताको विकास भएको हुनेछ।

ङ) कषिमा आत्मनिर्भर र व्यवसायिक कृषि तर्फ आम नागरिकको सक्रियतामा वृद्दि भएको हुनेछ।

**<u>यस गरिमामय सदनमा उपस्थित हुनु भएका सदस्यज्यूहरु,</u>**

अव म यस आर्थिक वर्ष २०७५।७६ को वार्षिक नीति तथा वजेट पेश गर्न चाहन्छु :

**१. पूर्वाधार क्षेत्र सम्वन्धी नीति :**

क. मूख्य सडकहरुलाई प्राथमिकतामा राख्दै सवै वडावाट सदरमुकाम जाने सडक वाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नती गरिने छ।

ख. आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालीका सवै वडा लाई सडक सञ्जालमा जोडी आगामी ४ बर्ष भित्रमा व्यवस्थीत चक्रपथ निर्माण गरिने छ।

ग. सडक लगायतका पूर्वाधार निर्माण गर्न भनि गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार,वातावरणीय प्रकोप न्यूनीकरण समेतमा विशेष जिम्मेवार र जवाफदेही वनाउने नीति लिइनेछ।

घ. सार्बजनिक निजी साझेदारीको अवधारणा अनुसार यस गाउँपालीकमा जनताले प्रत्यक्ष उपभोग र प्रयोग गर्ने ठुला योजना तथा आयोजनाहरुको पुर्व सर्वेक्षण, सर्वेक्षण तथा बिस्तृत परीयोजना प्रतिवेदन बनाई कार्यन्वयनमा ल्याइने छ।

ङ. बिद्युतीकरणको नभएका वस्तीहरुमा यसै वर्ष विधुतिकरण गरिनेछ भने, काठका विधुत पोल क्रमिक रुपमा सवै वडाहरुमा विस्थापन गरिनेछ।

च. भू-कम्पको जोखिमलाई मध्यनजर गरि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धीत आधारभूत मार्गदर्शन २०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अयिनवार्य रुपमा लागु गरिने छ।

छ. भूकम्पीय जोखिम न्युनिकरण तथा व्यववस्थित वस्ती विकासको लागि एकिकृत वस्ती तथा भवनको नक्सा पासको व्यवस्था लागु गरिने छ।

ज . भौतिक संरचना निर्माण गर्दा महिला मैत्री ,वालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गरिने छ।

झ. मेन्छयायेम गाउँपालिकाको एकीकृत विकास योजनालाई ध्यानमा राखी अल्पकालिन मध्यकालिन र दीर्घकालिन योजनाको अवधारणामा रही विभिन्न अत्यावश्यक महत्वपूर्ण योजनाहरूको पहिचान सम्भाव्यता अध्ययन तथा अनुमानित लागत एवं आवश्यक निर्माण प्रक्रियाहरू सहितको सल्लाह सुझाव एवं समन्वयको लागि विभिन्न क्षेत्रका विज्ञहरू समेटी मेन्छयायेम गाउँपालिका विकास परिषद् गठन गरिने छ।

**२.आर्थिक विकास सम्वन्धी नीति**

क. कृषि तथा पशू सेवासँग सम्वन्धित कार्यक्रमहरु सम्वन्धित शाखा वा सो शाखाको सहयोगमा मात्र संचालन गरिने गरि व्यवस्थापन गरिनेछ।

ख. सुन्तला, कागती,अलैची, चिया जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटीको उत्पादनलाई विशेष प्रोत्साहन गरिने छ।

ग. कृषि उपजको संकलन तथा बजार ब्यवस्थापनमा प्रोत्साहित गरिनेछ।

घ. उन्नत नश्लका पशुपालन कार्यक्रमलाई व्यवस्थित गरिने छ। पशु विमा कार्यक्रमलाई प्रोत्साहित गरिने छ।

।

च.सहकारी संस्थाहरुवीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ। सहकारी संस्थाहरुलाई नियमन तथा प्रोत्साहित गर्ने नीति लागु गरिने छ ।

**३.सामाजिक विकास सम्वन्धी नीति**

क. सामुदायिक विद्यालयहरुको गुणस्तरीय सुधारको लागि आवश्यक पहल गरिने छ । दरवन्दी अनुसार शिक्षक नभइ पठनपाठनमा समस्या भएका तर आफ्ना आर्थिक स्रोत नभएका विधालयहरुलाई , निश्चित मापदण्डको आधारमा अनुदान उपलव्ध गराइनेछ ।

ख. सूचना प्रविधि मैत्री विद्यालयको अवधारणालाई आत्मसाथ गर्दै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

ग.स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन नदिन आवश्यक वजेटको व्यवस्था गरिने छ । साथै निशुल्क वितरण गरिने औषधिहरुको व्यवस्थित भण्डारण र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

ग. स्वास्थ्य चौकीहरुको भौतिक पूर्वधारमा स्तर उन्नती गरिने छ । प्रसुती सेवालाई व्यवस्थित गरिने छ । मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न विशेष व्यवस्था गरिनेछ ।

घ. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य स्वेमसेविकालाई उहाँहरुका कार्यको सम्मान गर्दै निश्चित मासिक खाजा खर्च उपलव्ध गराइनेछ ।

ङ.खानेपानीको समस्या न्यूनिकरण कार्यलाई निरन्तरता दिइने छ र ३ वर्ष भित्रमा खानेपानीको समस्या पूर्णरुपमा समाधान गर्ने लक्ष्य अनुरुप कार्यहरु गरिनेछन् ।

च.स्थानीय नागरिकको सिप तथा क्षमता विकास गर्न प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गरिनेछन् । यस आर्थिक वर्षमा समेत सूचना प्रविधि सम्वन्धित तालिम तथा क्रियाकलापलाई निरन्तरता दिइने छ ।

छ. फरक क्षमता भएका शारीरिकरुपमा अशक्तहरु जो संघीय सरकारवाट सामाजिक सुरक्षा वृति प्राप्त गर्न सकेका छैनन, मापदण्ड वनाइ उहाँहरुलाई निश्चित वृति उपलव्ध गराइनेछ ।

झ.महिलाहरुका क्षमता विकासको लागि सीप तथा शसक्तीकरणमा जोड दिइने छ ।

ज. जेष्ठ नागरिकको कदर गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनुकै साथै ८५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान स्वरुप औषधि उपचार खर्च उपलव्ध गराइनेछ ।

झ.सामाजिक सुरक्षा भत्तालाई , पालिकास्तरमा वाणिज्य वैंक स्थापना पश्चात , वैंक मार्फत वितरणको व्यवस्था मिलाइने छ । सवै लाभग्राहीहरुका बैंक खाता खोल्न आवश्यक सहजिकरण गरिने छ । चौमासिक निकासालाई व्यवस्थित गर्न एस.एम.एस. प्रणालीलाई लागु गरिने छ ।

ञ.स्थानीय स्तरमा हुने विविध समस्याको न्यायिक निरुपण गर्नका लागि वडास्तरवाटै मेलमिलाप समिति गठन गरी सामाजिक सदभाव कायम गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

**४.वातावरण तथा विपत व्यवस्थापन सम्वन्धी नीति**

क. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा वृक्षारोपण गरिनुका साथै त्यसको संरक्षण एंव संवर्द्धन गरिने छ ।

ग. जडिवुटीको खोज संरक्षण र प्रशोधन गर्न व्यवसायीक नीति लिईने छ ।

घ. फोहरमैला व्यवस्थापनको लागी आवश्यक पर्ने ल्याण्डफिल्ड साईटको आवश्यक जग्गाको प्रक्रिया गरी यस आर्थिक वर्षमा गरिनेछ ।

ङ. विपत व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिने छ ।

च. गाउँपालिका क्षेत्र भित्र भईरहेको र हुन सक्ने वनक्षेत्रको अतिक्रमणलाई नियन्त्रण गरिनेछ ।

**५.संस्थागत विकास र सेवा प्रवाहः**

क. सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाईनेछ । गाउँपालिकाको वेभसाईटलाई नियमित अद्यावधिक गरि गाउँ पालिकावाट प्रवाहहुने सेवाहरु तथा गाउँपालिकाका निर्णयहरु सार्वजनिक गरिने छ ।

ख. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीलाई सवै वडाहरुमा प्रभावकारी ढंगले व्यवस्थापन गरिने छ ।

ग. गाउँपालिकामा कार्यरत मानव संसाधानको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

घ. गाउँपालिका तथा सवै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था ३ महिना भित्रमा गरिनेछ , सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाईने छ ।

ङ. वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयको लागी आवश्यक पर्ने जग्गा प्राप्तीको लागी यथा सम्भव पहल गरिने छ र भवन निर्माणको लागीस संघ तथा प्रदेश सरकारसँग मागको लागी पहल कदमी गरिने छ ।
च. गाउँपालिकाबाट प्रवाह हुने सेवामा सेवा प्रवाहका मापदण्ड निधारण गरि कर्मचारीलाई उचित दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।
छ.आवधिक योजना, भिलेज प्रोफाईल र गाउँपालिका स्तरीय गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
ज. सेवा प्रवाहमा प्रभावकारीता ल्याउन वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा फर्निचर ,कम्प्यूटर तथा मेसिनरी औजारको आवश्यक प्रवन्ध मिलाईनेछ ।

**६.वित्तीय व्यवस्थापन तथा सुशासन**

क.व्यवसाय दर्ताकार्यलाई अभियानकै रुपमा संचालन  गरिनेछ । बजार अनुगमन कार्यलाई नियमित गरिनेछ ।
ख.गाउँपालिका र वडाले गरेका विकास निर्माण तथा सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक सुनुवाईको व्यवस्था चौमासिक रुपमा अनिवार्य रुपमा गरिनेछ ।
ग.यस गाउँपालिकाको लेखा प्रणालिलाई व्यवस्थित गर्न श्रावण १ गते देखि लागु हुने गरि सूत्र (SUTRA) लागु गरिनेछ ,साथै एकिकृत सम्पत्ती करलाई व्यवस्थित गर्ने कार्यहरु गरिनेछन् ।

मेन्छयायेम गाँउपालिका

**माननिय सदस्यज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०७५/०७६ मा संचालन गर्ने आयोजना तथा कार्यक्रमहरु र विनियोजित वजेटको विवरण प्रस्तुत गर्न यस सम्मानीत सभावाट अनुमती चाहन्छु ।

१.आय तर्फ

यस आर्थिक वर्षको लागी आन्तरिक आयवाट रु १२ लाख, गत वर्षको संचिति रु २ करोड ४ लाख, संघवाट प्राप्त अनुदान रु १५ करोड ८७ लाख, प्रदेश सरकारवाट प्राप्त अनुदान रु. ५० लाख ३७ हजार आय अनुमानित गरिएको छ ।

२ व्यय तर्फ

कुल विनियोजन मध्ये शसर्त अनुदान तर्फ रु ६ करोड ८१ लाख , कार्यक्षेत्रगत खर्च रु ८ करोड ६३ लाख उनासी हजार, गाउँपालिका तथा वडा कार्यालयको चालु खर्च रु ३ करोड ८ लाख ५८ हजार विनियोजन गरिएको छ ।

**३.आर्थिक विकास** (कृषि ,उद्योग तथा वाणिज्य ,पर्यटन, सहकारी ,वित्तिय क्षेत्र आदि) तर्फ रु १ करोड २० लाख ३२ हजार विनियोजन गरिएको छ ।

**४ं सामाजिक विकास** तर्फ शिक्षा क्षेत्रमा रु ४९ लाख ८५ हजार , स्वास्थ्य क्षेत्रमा रु. १५ लाख ९५ हजार, खानेपानी तथा सरसफाई क्षेत्रमा रु ७८ लाख ७० हजार, संस्कृति प्रवर्द्दनमा रु २७ लाख ५५ हजार, खेलकुद विकासमा रु २० लाख २० हजार , लैंगिक समानता र समावेशीकरणमा रु ३४ लाख ७५ हजार गरी कुल २ करोड २७ लाख विनियोजन गरिएको छ ।

**५. पूर्वाधार विकास** तर्फ सडक तथा पुल विकासमा ३ करोड ४६ लाख ५० हजार , सिंचाई क्षेत्रमा रु ४१ लाख ८० हजार , भवन निर्माण तथा सहरी विकासमा ११ लाख ५५ हजार , उर्जा क्षेत्रमा रु ४ लाख ८२ हजार गरी कुल ४ करोड ४ लाख ६७ हजार विनियोजन गरिएको छ ।

**६. वातावरण तथा विपत व्यवस्थापन** तर्फ रकम रु ९ लाख ५० हजार विनियोजन गरिएको गरिएको छ ।

**७. संस्थागत विकास तथा सेवा प्रवाह** -(सवारी साधन फर्निचर ,ईलेक्ट्रोनिक्स सामान समेत) सामान्य सेवा, सुरक्षा व्यवस्थापन ,सूचना प्रविधि ,पंञ्जिकरण व्यवस्थापन ,स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन ,सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास अन्यत्र वर्गिकरण नभएका ) तर्फ रकम रु १ करोड २ लाख ३० हजार विनियोजन गरिएको छ ।

८. स्थानीय निकायमा साविकमा कार्यरत गाविस सचिवहरुले पाउनु भएको प्रोत्साहन भत्ताको हकमा चालु शिर्षकवाट खर्चहुने गरि गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी निजामती कर्मचारी र वडा समितिको सचिवको हकमा मात्र लागुहुने गरि गाउँपालिकाकको आन्तरीक स्रोतवाट व्ययभार हुने गरि खाईपाई आएको प्रोत्साहन रकम निरन्तरता दिइएको छ ।

९. आर्थिक वर्ष २०७५।७६ मा संचालन हुने प्रस्तावित कार्यक्रमहरुका विवरणहरु अनूसूचीमा समावेश गरिएका छन् ।

माननीय सदस्यज्यूरु,

१०. आर्थिक वर्ष २०७५/७६ को राजश्व कर तथा गैरकरका स्रोत दर , संकलन तथा प्रशासन आर्थिक ऐन २०७५ व्यवस्था भए बमोजिम हुनेछ । विनियोजित विधेयक २०७५ र आर्थिक विधेयक २०७५ यसै सम्मानित सभा समक्ष प्रस्तुत गरिएको छ ।

गरिमामय सभाका माननीय सदस्य ज्यूहरु,

यो वजेट तर्जुमाको सिलसिलामा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पुर्ण विज्ञहरु, दलका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, कर्मचारी, पत्रकार,शिक्षक, नागरिक समाज लगायत सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा बजेट कार्यान्वयनका लागि सवै पक्षहरुवाट पूर्ण सहयोग र सल्लाह प्राप्त हुने विश्वास लिएको छु ।

## धन्यवाद

मेन्छयायेम गाँउपालिका